"साँस्कृतिक शान, आठराईको पहिचान"

# आठराई राजपत्र

# आठराई गाउँपालिकाद्वारा प्रकाशित

## खण्ड ६ संख्याः १६

### गाउँ कार्यपालिकाद्वरा स्वीकृत मितिः २०८०/०९/२८

### राजपत्रमा प्रकाशित मितिः २०८०/०९/२९

## भाग २

### आठराई गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### संक्रान्तिबजार, तेह्रथुम

### कोशी प्रदेश, नेपाल।

# एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०

**प्रस्तावना:** एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आठराई गाउँपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **आठराई गाउँपालिकाको यान्त्रिक उपकरण सञ्चालन कार्यविधि, २०८० को दफा ४ को उपदफा (४) थप गरिएको** (१) एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०७९ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा २ को परिभाषा (छ) पछि देहायको परिभाषा (ज) थप गरिएको छः-

(ज) "जेष्ठ नागरिक" भन्नाले दलितको हकमा ६० बर्ष उमेर पूरा भएको र अन्यको हकमा ६८ बर्ष उमेर पुरा भएको जेष्ठ नागरिक सम्झनु पर्दछ।"

३. **मूल कार्यविधिको अनुसूचीमा संशोधनः** मूल कार्यविधिको,-

(१) अनुसूची — १, को क्रम सङ्ख्या ९ पछि रहेको हरफको सट्टा देहायको हरफ राखिएको छः-

"आठराई गाउँपालिका भित्रका स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्र, संक्रान्तिबजारमा प्रसूति गराउने महिलाहरूको हकमा निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ। आकस्मिक दुर्घटनाका घाइते र ज्येष्ठ नागरिकलाई समेत निःशुल्क सेवा उपलब्ध गराइनेछ।"

आज्ञाले,
श्री निराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत
आठराई गाउँपालिका